मिति २०७९/४/१९ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु

प्रमुख प्रशासकीय अधिकृत

१. मेडपा कार्यक्रम सम्बन्धमा ।
२. डेलिगेसन जाने सम्बन्धमा ।
३. शारदा स-मील तथा फर्निचर उद्योगको निवेदन सम्बन्धमा ।
४. मकैको क्षति सम्बन्धमा ।
५. खोरमोर खोला झो.पु. संरक्षण गर्ने सम्बन्धमा ।
६. एम्बुलेन्स संचालन सम्बन्धमा ।
७. वडा कार्यालय व्यवस्थापन सम्बन्धमा ।
८. विविध सम्बन्धमा ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिका संचालन भई रहेको मेडमा कार्यक्रम चालु आ.व.मा वडा नं. १०, ११, १२ र १३ मा संचालन गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको बृहत्तर हितको लागि तत्काल संघीय सरकारका विभिन्न मन्त्रालय तथा निकायहरुबाट हुने कार्यहरुको सन्दर्भमा नगरपालिकाको तर्फबाट डेलिगेसन गई यस नगरपालिकाको विकास तथा सेवा प्रवाहसँग सम्बन्धित तपशिल बमोजिमका विषय मागको लागि मिति २०७९ साल साउन २५ गते नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष समेत गरी ९ जना डेलिगेसन जाने । डेलिगेसन जादाको सम्पूर्ण खर्च कार्यालयबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

### डेलिगेसनमा माग गर्ने विषयहरु

(क) सिमा विवाद समाधान सम्बन्धमा ।

(ख) विपद/एकीकृत वस्ती विकासको आवश्यक व्यवस्थापन सम्बन्धमा ।

(ग) इलाका प्रशासन/मालपोत/नापी कार्यालय ठाडामा स्थापना गर्ने सम्बन्धमा ।

(घ) स्वास्थ्य इकाई  र स्वास्थ्य तर्फ दरवन्दी माग गर्ने सम्बन्धमा ।

(ङ) नगरसभाबाट भएका संघीय सरकारमा माग गर्ने अन्य विषयहरुका सम्बन्धमा ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शारदा स-मील तथा फर्निचर उद्योगले मिति २०७९/२/३१ गते बाणगंगा खोला जरिकुना क्षेत्रको नदीजन्य पदार्थ ठेक्का सम्झौता बमोजिम विभिन्न कारणले तोकिएको समयावधि भित्र लैजान नसकेकोले म्याद थप वा क्षति पूर्ति दिलाई पाउँ भनि दिएको निवेदन आजको बैठकमा पेश भई छलफल भयो । उक्त विषयमा सम्झौता अवधि समाप्त भएकोले म्याद थप नगर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडामा आएको हावा हुरी सहितको पानीले र वदेल तथा वादरले मकै नष्ट गरी किसानहरुबाट निवेदन आएको त्यसै गरी बेमौसमी तरकारी डडेलोले नस्ष्ट गरेको सन्दर्भमा स्थलगत अध्ययन गरी प्रतिवेदन मिति २०७९ साल श्रावण मसान्त भित्र पेश गर्न आर्थिक विकास समिति र कृषि शाखा प्रमुखलाई जिम्मा दिने । प्रतिवेदन प्राप्त भएपश्चात क्षतिका आधारमा अधिकतम रु ५ हजारमा नवढ्ने गरी किसानहरुलाई राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १४ को खोरमोर वस्ती जोड्ने खोरमोर खोलाको झोलुङ्गे पुल बाढीले कटान गरी बगाउने अवस्थामा पुग्न लागेकोले खोला च्यानलाईज गर्नु पर्ने भएको हुँदा प्राविधिकबाट लागत अनुमान तयार गरी एक्साभेटर मेशिन प्रयोग गरी खोला च्यानलाईज गरी झो.पु. संरक्षण गर्ने । सो कार्य गर्दा लाग्ने खर्च नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा एम्बुलेन्स संचालन तथा सुत्केरी महिलालाई नि:शुल्क गर्ने सम्बन्धमा कार्यविधि निर्माण तथा एम्बुलेन्स व्यवस्थापन गर्ने सम्बन्धमा निम्न बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

संयोजक श्री प्रमुख प्रशासकीय अधिकृत श्री झविन्द्र खनाल

सदस्य श्री केशव प्रसाद वेल्वासे वडा अध्यक्ष

सदस्य श्री चिन्तराज अधिकारी वडा अध्यक्ष

## निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा वडा कार्यालयको सेवा प्रवाहलाई सहज बनाउन वडा कार्यालयहरुमा आवश्यक पर्ने सामाग्री व्यवस्थापन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा शिवादह मा.वि.ले शौर्य सोलार मर्मतको लागि निवेदन दिएको र विभिन्न खानेपानीका मोटरहरु विग्रीएको भनि आएको सन्दर्भमा समग्र अध्यन गरी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

मिति २०७९/३/३२ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची ५ नं. प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत

१. आ.व. ०७८/०७९ को वजेट समिक्षा सम्बन्धमा ।

२. स्थानीय दररेट निर्धारण सम्बन्धमा ।

३. वडा कार्यालयबाट प्रदान हुने सेवा प्रवाहको समिक्षा सम्बन्धमा ।

४. नगरपालिकाबाट प्रदान हुने सेवा प्रवाहको समिक्षा सम्बन्धमा ।

५. योजनाहरुको जाँचपाँस तथा फरफारक लाई अनुमोदन सम्बन्धमा ।

६. राजश्व प्रणालीलाई अन लाईन सिस्टममा लैजाने सम्बन्धमा ।

७. वडा कार्यालयहरुमा प्रशासनिक खर्च थप गर्ने सम्बन्धमा ।

८. आर्थिक सहायता सम्बन्धमा ।

९. भुक्तानी गर्न बाँकी खर्च रकम सम्बन्धमा ।

१०. राष्ट्रपती शैक्षिक सुधारको रकम फरफारक सम्बन्धमा ।

११. स्वास्थ्य र प्राविधिक कर्मचारी माग सम्बन्धमा ।

१२. विद्यालयमा लेखा सहायक दरवन्दी माग सम्बन्धमा ।

१३. स्थानीय भू-उपयोग परिषद् र भू-उपयोग कार्यान्वनय समिति गठन सम्बन्धमा ।

१४. सुरक्षित आवास अर्न्तगत दोस्रो किस्ता रकम भुक्तानी सम्बन्धमा ।

१५. उत्पादनमा आधारित अनुदान रकम भुक्तानी सम्बन्धमा ।

१६. कक्षा संचालन अनुमती सम्बन्धमा ।

१७. अनुगमन प्रतिवेदन सम्बन्धमा ।

१८. शिक्षा समितिको पूर्णता सम्बन्धमा ।

१९. कर्मचारीलाई प्रोत्साहान एवं व्यवस्थापन सम्बन्धमा ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको नवौं नगरसभाबाट आ.व. ०७८/०७९ को लागि स्वीकृत भएका योजना तथा कार्यक्रमहरु, सशर्त तर्फ प्राप्त योजना तथा कार्यक्रमहरु र विभिन्न मितिमा कार्यपालिकाको बैंठकबाट भएको निर्णय अनुसार स्वीकृत कार्यकम तथा योजनाहरु संख्यागत रुपमा ९८ प्रतिशत कार्यान्वयन भएको पाईयो । स-साना टुके योजनाको रुपमा वजेट विनियोजन भई सम्झौता समेत नभएका र केही सम्झौता भएता पनि समितिले खासै चासो नदेखाई योजनाहरु कार्यान्वयन नभएको पाईयो । प्रदेश सर्शत अनुदान तर्फ सिमलपानी सहकारी भवन निर्माणको कार्य नभएको पाईयो । कुल ८७ प्रतिशत खर्च भएको कार्यालयबाट जानकारी प्राप्त भयो । समग्रमा कार्य प्रगती राम्रो भएको र आगामी आ.व.मा सत प्रतिशत प्रगति हाशिल गर्ने गरी सवै क्षेत्रबाट तदारुकताका साथ समयमै कार्यकम तथा योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७९/३/१७ गतेको कार्यपालिकाको बैठकबाट स्वीकृत यस नगरपालिकाको स्थानीय न्यूनतम दररेट बमोजिम आगामी आ.व.को योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको वडा कार्यालयबाट प्रदान भईरहेको सेवा प्रवाहको विषयमा छलफल भयो । सेवा प्रवाहलाई थप सहज र व्यवस्थित बनाउन निम्न बमोजिमको कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

क) वडा अध्यक्ष कुनै कारणले केही दिन कार्यालयमा उपस्थित नभएमा जिम्मेवारी तोकी लिखित रुपमा कार्यवाहक दिने र सो को बोधार्थ यस कार्यालयलाई दिने ।

ख) वडा कार्यालयमा खटाईएको वडा सचिव, वडा प्राविधिक, एक गाउँ एक प्रविधिक र कार्यालय सहयोगी लगायतका कर्मचारीहरुको कार्यालयमा उपस्थितिलाई नियमित र व्यवस्थित बनाउने, वडा सचिव लगायतका कर्मचारीहरु विदा काज वस्नु पर्ने अवस्था भएमा यस कार्यालयसँग समन्वय गरी बैकल्पिक व्यवस्था मिलाई वडा सचिवको विदा वडा अध्यक्षले र अन्य कर्मचारीहरुको विदा वडा सचिवले स्वीकृत गराई वस्ने व्यवस्था मिलाउने । सो को जानकारी यस कार्यालयलाई लिखित रुपमा दिने ।

ग) कार्यालयबाट जनतालाई प्रदान गर्ने सेवालाई थप व्यवस्थित र सहज बनाउन आवश्यक कार्य गर्ने ।

घ) कार्यालयमा उपस्थित हुँदा कर्मचारीहरुले अनिवार्य तोकिएको पोशाक लगाउनु पर्ने ।

ङ) वडा कार्यालयमा सरसफाई लगायत सूचना पाटी, गुनासो पेटीका, नागरिक वडापत्र लाई व्यवस्थित गर्ने ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालयबाट प्रदान भईरहेको सेवा प्रवाहको विषयमा छलफल भयो । सेवा प्रवाहलाई थप सहज र व्यवस्थित बनाउन निम्न बमोजिमको कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

क) छरिएर रहेका विभिन्न शाखाहरुबाट सेवा प्रवाह गर्दा सेवा प्रवाहमा समस्या भएकोले आगामी दिनमा एकल द्वारबाट सेवा प्रवाह हुँदा सहज, छिटो, चुस्त हुने गरी आवश्यक व्यवस्थापन गर्ने ।

ख) कार्यालयमा सरसफाई लगायत सूचना पाटी, गुनासो पेटीका, सार्वजनिक सुनुवाई, डिजिटल सुचना प्रणाली, नागरिक वडापत्रलाई व्यवस्थित गर्ने ।

ग) कर्मचारीले मुस्कान सहितको सेवा प्रवाह गर्ने वातावरणको श्रृजना गर्ने ।

घ) सेवा प्रवाहलाई टोकन सिस्टम बनाउने, आवश्यक प्रकृया पुरा गरी पेश भएका सवै कार्य र सेवाहरुको शाखासँग सम्बन्धित शाखाले सोही दिन सम्पादन गर्ने गरी कार्य गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व.को स्वीकृत कार्यक्रम अनुसार योजना तथा कार्यक्रमहरु सम्पन्न भई भुक्तानीको लागि आएका योजना तथा कार्यक्रमहरुको तत्काल भुक्तानीको लागि नगरसभाबाट गठित जाँचपास तथा फरफारक समितिको विभिन्न बैठकबाट भएका जाँचपास तथा फरफारकलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा राजश्वलाई थप व्यवस्थित र पारदर्शि बनाउन आगामी आ.व. २०७९/०८० देखि यस नगरपालिका र वसै वडा कार्यालयहरुबाट राजश्व प्रणाली Online System मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो । प्राविधिक रुपमा कठिनाई उत्पन्न भई सेवा प्रवाहमा समस्या श्रृजना हुने अवस्था आएमा तत्कालको लागि नगदी रसिद प्रयोग गरी पछी Posting गर्ने गरी संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा वडाले आफ्नो दैनिक कार्यसञ्चालन गरी प्रभावकारी रुपमा कार्य सम्पादन गर्न खर्चको आवश्यकता पर्ने भएकोले वडालाई बार्षिक रुपमा आ.व.२०७९/०८० मा निम्न बमोजिमको शिर्षकमा प्रशासनिक खर्च उपलब्ध गराउने निर्णय गरियो ।

| | |
|---|---|
| (क) बैठक खाजा खर्च समेत विविधमा | रु २०००००।- |
| (ख) वडामा इन्धन | रु १०००००।- |
| (ग) वडा योजना तर्जुमा गोष्ठी | रु ४००००।- |
| (घ) अनुगमन खर्च | रु ६००००।- |

जम्मा रु ४०००००।- (चार लाख मात्र)

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सो प्रस्तावमा अर्को बैठकमा थप छलफल गरी आवश्यक निर्णय लिने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व.मा खर्च भई भुक्तानीको लागि कागजातहरु पेश भएका र साविकमा कार्यपालिकाबाट निर्णय समेत भैसकेका तर भुक्तानी गर्ने कममा सवै योजना तथा कार्यक्रमहरु आषाढको अन्तिमा पेश हुँदा कन्टिन्जेन्सी रकमको हिसाव हुन नसकेको अवस्थामा आषाढ २५ गते राती १२ वजे देखि सफ्वेयर वन्द भई खर्च लेख्न नसकिएको रकम रु १४,८५,६२७- अक्षेरुपी चौध लाख पचासी हजार

छ सय सत्ताइस मात्र भुक्तानी गर्न मनासिब देखिएकोले १२१ नं. फारम भरी आगामी आ.व.मा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु आ.व.मा राष्ट्रिपति शैक्षिक सुधार कार्यक्रमको रकम सम्बन्धित विद्यालयलाई अनुदानको रुपमा उपलब्ध गराईएकोमा उक्त रकमको समयमै तोकिएबमोजिमको कार्य सम्पादन गरी प्राविधिक मुल्याङ्कन र खर्चका विल भरपाई पेश गरी फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा स्वास्थ्य तर्फ र प्राविधिक तर्फ रिक्त हुने दरवन्दीमा पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग गर्ने साथै हाल एक वडा एक प्राविधिक कर्मचारी नभएकोले कार्य सम्पादनमा समस्या आएको हुँदा लोक सेवा आयोग बाट सिफारिस भई नआए सम्मको लागि मात्र ५ जना प्राविधिक कर्मचारी करार सेवामा राखी कार्य सम्पादन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा हाल माध्यमिक स्तर संचालन भई रहेका निम्न विद्यालयहरुमा लेखा सहायकको दरवन्दी माग गर्ने निर्णय गरियो ।

तपशिल

(क) पाकुरी मा.वि. शिनपा ९

(ख) धर्मोदय मा.वि. शिनपा ११

(ग) रिकोट मा.वि. शिनपा १३

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा भू-उपयोग ऐन २०७६ को दफा १८ मा भूउपयोग क्षेत्र तथा भूउपयोग योजना तर्जुमा तथा कार्यान्वयनका लागि प्रत्येक स्थानीय तहमा एक स्थानीय भूउपयोग परिषद् रहने व्यवस्था भएको र नगर कार्यपालकाले स्थानीय भूउपयोग परिषद्को रुपमा कार्य गर्ने भन्ने व्यवस्था रहेबमोजिम यस नगरकार्यपालिकाले उक्त अनुसारको परिषद्को रुपमा कार्य गर्ने । सोही ऐनको दफा २० मा स्थानीय भूउपयोग परिषद्को कार्यमा सहयोग गर्न रहने समितिमा (घ) बमोजिम दुई जना महिला सहित चार जनामा निम्न अनुसार सदस्य मनोनयन गर्ने निर्णय गरियो ।

तपशिल

(क) शिवकला वि.क शिनपा ४

(ख) संन्दिप दर्लामी शिनपा ६

(ग) हुम बहादुर बेल्वासे शिनपा ४

(घ) मिना भुसाल शिनपा ३

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा चालु आ.व.को लागि सुरक्षित नागरिक आवास अर्न्तगत खरको छानो विस्तापन कार्यक्रमको लागि संघीय सरकारबाट प्राप्त रकम र प्रदेश सरकारबाट प्राप्त रकमबाट ७०५ घर धुरीलाई दोस्रो किस्ता बापतको रकम आगामी आ.व.मा संघीय सरकारबाट प्राप्त हुने रकम र यस नगरपालिकाबाट विनियोजन भएको रकमबाट उपलब्ध गराउने र बाँकी घर धुरीको संख्या एकिन गरी थप रकम माग गर्ने । किस्ता निकासाको लागि अनुगमन गरी प्रतिवेदन पेश गर्न निम्न बमोजिमको समिति गठन गरि समितिको शिफारिसको आधारमा निकासा गर्ने निर्णय गरियो ।

तपशिल

(क) संयोजक वडा अध्यक्ष, (ख) सदस्य वडा सदस्यहरु, (ग) सदस्य वडा प्राविधिक (घ) सदस्य सचिव वडा सचिव

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिकाले गत विगत आ.व.हरुदेखि उत्पादनमा आधारित अनुदान वितरण गर्दै आएकोमा चालु आ.व.को उत्पादनमा आधारित अनुदान प्राप्तीको लागि सहकारीहरु मार्फत ढिला गरी माग भई आएको अवस्थामा थप अनुगमन र अध्ययन गर्नु पर्ने भई भुक्तानी हुन नसकेको उत्पादनमा आधारित अनुदान रकम रु १,२५,७४,४७१।- अनुगमन तथा थप अध्ययन र एकिन गरेपश्चात आगामी आ.व.को बजेट बाट भुक्तानी दिने गरी आगामी बैठकमा पेश गर्ने । आगामी आ.व.मा प्रदान गर्ने उत्पादनमा आधारित अनुदानको लागि थप व्यवस्थित गर्न आर्थिक समितिले विधि तथा मापदण्ड समेतको अध्ययन मिति २०८९ साल भाद्र मसान्त भित्र प्रतिवेदन पेश गर्न लगाउने र सो प्रतिवेदनका आधारमा कार्यपालिकाबाट निर्णय गरी सोही बमोजिम गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा सो विषयमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

प्रस्ताव नं. १७ माथि छलफल गर्दा चालु आ.व.मा नगरपालिकाबाट संचालन भएका योजनाहरुको अनुगमन गर्न गठित नगर स्तरीय र वडा स्तरीय अनुमगन समितिले पेश गरेका प्रतिवेदनहरुको विषयमा छलफल भयो । आगामी दिनमा योजनाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि अनुगमन समितिले आवश्यक्ता अनुसार योजना निर्माणको विभिन्न चरणमा समेत अनुगमन गरी थप व्यवस्थित गर्न अनुगमनलाई प्रभावकारी बनाउने निर्णय गरियो ।

निर्णय नं. १८

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १८ माथि छलफल गर्दा चालु यस नगरपालिकाको नगर शिक्षा समितिमा रिक्त रहेको सदस्यमा निम्न बमोजिम सदस्य मनोनयन गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) श्री दुर्गा बहादुर वि.सी. वडा अध्यक्ष शिनपा १३

(ख) श्री दामोदर न्यौपाने वडा अध्यक्ष शिनपा १४

**निर्णय नं. १९**

**१९.१** यस नगरपालिकाको एघारौं नगरसभाबाट कर्मचारीहरुको तलव भत्ता लगायतको सुविधा पुनरावलोकन गर्न उच्च स्तरिय समिति गठन गरी सोही समितिको प्रतिवेदनका आधारमा गर्ने भनि निर्णय भएकोमा तलव भत्ता लगायतका सुविधा र कर्मचारी व्यवस्थापन सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको एक उच्च स्तरिय समिति (कार्यदल) गठन गर्ने । कार्यदलको प्रतिवेदन प्राप्त नभएसम्म चालु आ.व.कै सुविधालाई निरन्तरता दिदैं करार कर्मचारीहरुको ६ महिनाको करार नविकरण गर्ने । ज्यालादारी कर्मचारीहरुलाई श्रावण १ गते देखि कार्य स्थलमा नखटाउने साथै कार्यदलले मिति २०७९ साल भाद्र मसान्त भित्र प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) संयोजक श्री भिम बहादुर के.सी. (वडा अध्यक्ष)

(ख) सदस्य श्री नवराज भुसाल (वडा अध्यक्ष)

(ग) सदस्य श्री दामोदर न्यौपाने (वडा अध्यक्ष)

(घ) सदस्य श्री रुक बहादुर आले (वडा अध्यक्ष)

(ङ) सदस्य सचिव श्री नुमलाल खनाल (अधिकृत)

**१९.२** गत आ.व.मा प्रदेश सरकारको सर्शत अनुदान तर्फ कृषि अधिकृत जनशक्ति सेवा करार भनि रकम प्राप्त भई सोही बमोजिम करार सेवामा राखिएकोमा चालु आ.व.को लागि हाल सम्म उक्त कार्यक्रम प्राप्त नभएकोले कार्यक्रम प्राप्त नभएसम्मको लागि करारमा राखेको कृषि अधिकृतलाई नगरपालिकाको श्रोतबाट तलव भत्ता उपलब्ध गराउने गरी निरन्तरता दिने निर्णय गरियो ।

**१९.३** साविकमा यस नगरपालिकाबाट निर्णय भई कर्मचारी नभएको अवस्थामा शिक्षा शाखामा निमानन्द भुसाल र खडानन्द भुसाल श्रोत व्यक्तिहरुलाई काममा लगाईएको सन्दर्भमा हाल नेपाल सरकारको नीति अनुरुप श्रोत व्यक्तिको अवधारणा नभएको र शिक्षा शाखामा कर्मचारीको व्यवस्थापन भएकोले निजहरुले हाल सम्म सम्पादन गरेको कार्यको उच्च मुल्याङ्कन गर्दै मिति २०७९ साल भाद्र १ गते देखि आफ्नो दरवन्दी कायम रहेको विद्यालयमा काज फिर्ता गर्ने । निजहरुको सट्टा शिक्षकका रुपमा कार्यरत सट्टा शिक्षकहरुको हकमा आगामी दिनमा नगरपालिकाले शिक्षक व्यवस्थापन गर्दा विशेष प्राथमिकता दिने निर्णय गरियो ।

१९.४ नगरपालिका तथा नगर प्रमुख, उप-प्रमुखको सचिवालयको कार्यलाई चुस्त बनाउनको लागि साविकका ९ वटा कार्यालय सहयोगिको दरवन्दीबाट मात्र नपुग भएकोले १ जना कार्यालय सहयोगीको दरवन्दी थप गरी सवै का.स.को दरवन्दी करार सेवा मार्फत पूर्ति गर्ने । हाल कार्यालयमा एक वटा गाडी थप भएकोले १ जना हलुका सवारी चालक करार सेवामा राख्ने साथै नगरपालिको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न भएकोले सो भवन क्षेत्रमा फुलहरु लगाई सुन्दर बनाउनको लागि एक जना माली करार सेवामा राखी कार्य गराउने निर्णय गरियो ।

**१९.५** वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी कर्मचारीहरुको सन्दर्भमा कार्य सम्पादन सन्तोष जनक नरहेको भनि वडाको सिफारिस आएमा निजको सेवा करार अन्त्य गरी नयाँ प्रकृया अनुसार करार सेवामा लिने निर्णय गरियो ।

निर्णय नं. १६